प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय
विराटनगर

email: lfdbrt@gmail.com
फोन नं. ०२१-४७०९२४

प.स. : ०७८/७९
च.न. : ५०

मिति-२०७८/०५/२१

विषय- निर्णय कार्यन्वयन सम्बन्धमा।

श्री पशु सेवा तालिम केन्द्र दुहवि,
श्री भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र,
मोरङ्ग, झापा, सुनसरी, उदयपुर, ओखलढुङ्गा, संखुवासभा,धनकुटा र पांचथर।

प्रस्तुत विषयमा भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय, प्रदेश नं १ विराटनगरको च.नं. १७३ मिति २०७८/०५/२१ र मुख्यमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय प्रदेश नं १को च.नं. २५९ मिति २०७८/०५/२१ को पत्रानुसार प्रदेशस्तरीय राष्ट्रसेवक कर्मचारी वृक्षारोपण समन्वय समितिको २०७८/०५/२१ को बैठकबाट भएका निर्णयहरु आवश्यक कार्यान्वयनका लागि लेखि आएको हुँदा निर्णयहरु कार्यान्वयन गर्न गराउनु हुन अनुरोध छ।

०७८/०५/२१
.............................
डा. लेखराज दाहाल
नि. निर्देशक
निमित्त निर्देशक

प्रदेश सरकार
# भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
प्रदेश नं १, विराटनगर

Website: http://molmac.p1.gov.np
e-mail: molmacbiratnagar@gmail.com
फोन: ०२१-४७०१५८

प.सं. २०७८/०७९
च.नं ९६३

मितिः२०७८।०५।२१

पशुपंक्षी तथा मत्स्य विकास निर्देशनालय
विराटनगर
दर्ता नं.: ९२८
दर्ता मिति: २०७८।०५।२९

विषयः निर्णय कार्यान्वयन सम्बन्धमा।

श्री कृषि विकास निर्देशनालय,
श्री पशुपन्छी तथा मत्सय विकास निर्देशनालय,
प्रदेश नं १, विराटनगर।
श्री प्रदेश सहकारी रजिष्ट्रार कार्यालय,
प्रदेश नं १, इटहरी।
श्री सहकारी प्रशिक्षालय,
प्रदेश नं १, इनरुवा।

प्रस्तुत विषयमा मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं १ को च.नं. २५९ मिति २०७८।०५।२१ को पत्रानुसार प्रदेशस्तरीय राष्ट्रसेवक कर्मचारी वृक्षारोपण समन्वय समितिको मिति २०७८।०५।२१ को बैठकबाट भएका निर्णयहरु आवश्यक कार्यान्वयनका लागि लेखी आएको हुँदा तहाँ निर्देशनालय/कार्यालय/प्रशिक्षालय र मातहत निकायहरुमा संलग्न निर्णयहरु कार्यान्वयन गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ।

मदनकुमार तिम्सिना
लेखा अधिकृत(आठौं तह)

लेखा अधिकृत

प्रदेश सरकार

# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश नं. १
विराटनगर, नेपाल

फोन नं. ०२१-४७०१६६, ४७०१८९
फ्याक्स नं. ०२१-४७०१६१
ई-मेलः ocmcm1@gmail.com
वेवसाईटः www.ocmcm.p1.gov.np

प.सं. २०७८/०७९
च.नं. २५५

मिति : २०७८/०५/२१

विषयः प्रदेशस्तरीय राष्ट्रसेवक कर्मचारी वृक्षारोपण समन्वय समितिको बैठकका निर्णयहरु सम्बन्धमा।

भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
दर्ता नं. ३३५
दर्ता मिति: २०७८।५।२२

श्री प्रदेश मन्त्रालय (सबै),
प्रदेश नं. १, विराटनगर, नेपाल।

प्रदेशस्तरीय राष्ट्रसेवक कर्मचारी वृक्षारोपण समन्वय समितिको मिति २०७८/०५/२१ को बैठकबाट भएका निर्णयहरु आवश्यक कार्यान्वयनका लागि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

२०७८/०५/२१

.................................
प्रभात घिमिरे
शाखा अधिकृत
अधिकृतस्तर सातौं

श्रीमान् पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय तथा सर्वे कार्यालयहरु लाई पठाउन पेश गरेको छु।
२०७८/५/२२

प्रमुख सचिव

निर्णयहरु:

१. कोभिड-१९को जनस्वास्थ्य मापदण्डको पालना गर्दै प्रदेशस्तरीय राष्ट्रसेवक कर्मचारी वृक्षारोपण समन्वय समितिले जिल्ला स्तरीय समितिसँग आवश्यक समन्वय गरी वृक्षारोपण कार्यक्रमलाई प्रभावकारी रुपमा सञ्चालन गर्ने।

२. प्रदेशस्थित सबै कार्यालयहरुले निजामती सेवा दिवसको उपलक्ष्यमा भाद्र २२ गते आ-आफ्नो कार्यालयमा दिपावली तथा सरसफाई गर्ने।

३. निजामती सेवा दिवसको आगामी पाँच वर्षको लागि तय भएको नारा "व्यवसायिक र सिर्जनशील प्रशासन: विकास, समृद्धि र सुशासन" लाई सबै कार्यालयहरुले आफ्नो कार्यालयको अग्रभागमा सबैले देख्ने गरी राख्ने।

४. प्रदेश नं. १ स्थित कार्यालयरुले निजामती सेवा दिवसको नारा आ-आफ्नो लेटरप्याडमा समावेश गर्नुको साथै वेवसाईटमा समेत सार्वजनिक गर्ने।

२०७७।५।२५

प्रमुख सचिव